दर्ता नं. २०९१/०६५/०६६

# 5th Annual Report 2012/013

## पाँचौ वार्षिक प्रतिवेदन आ.व. २०६९/०७०

देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**DEV DARSHAN SAVING & CREDIT CO-OPERATIVE LTD.**

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चेकपोष्ट, थानकोट, काठमाडौं ।

## सञ्चालक समिति



**राम नारायण घिमिरे**
अध्यक्ष



**बेली मैया घले**
उपाध्यक्ष



**राम तामाङ**
सदस्य



**राजु कार्की**
सदस्य



**तिर्थ कुमार लामा**
सदस्य



**लक्ष्मण बलामी**
सदस्य

## लेखा समिति



**नानु थापा (पण्डित)**
संयोजक



**बिमल बिक्रम बानियाँ**
सदस्य



**बसन्त महर्जन**
सदस्य



**प्रविण सिलवाल**
प्रबन्धक

## निक्षेप योजनाहरू

*Saving Schemes*

विद्यमान प्रतिस्पर्धात्मक वित्तीय वातावरणमा निक्षेपकर्ताहरूलाई आकर्षक ब्याजदर प्रदान गर्ने गरी निम्न बमोजिम निक्षेप योजनाहरू लागु गरिएको छ ।

| | |
|---|---|
| • गोल्डन बचत (Golden Saving) | • देव दर्शन बोनस बचत योजना (Dev Darshan Bonus Saving Scheme) |
| • किसान बचत (Kishan Savings Scheme) | • देवदर्शन पेन्सन बचत योजना (Dev Darshan Pension Savings Scheme) |
| • साधारण बचत (General Saving) | • देवदर्शन नियमित बचत योजना (Dev Darshan Niyamit Saving) |
| • देवदशन विशेष बचत (Dev Darshan Special Savings) | • बाल बैक्षिक बचत योजा (Child-edu. Savings Scheme) |
| • मुद्दति निक्षेप (Fixed Deposit) | • नारी उत्थान बचत योजना (Nari Utthan Savings Scheme) |
| • अवधि बचत (Periodic Savings) | |

# विषय सूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | सञ्चालक समितिको प्रतिवेदन | ३-९ |
| २. | लेखापरीक्षकको प्रतिवेदन | १०-११ |
| ३. | लेखा समितिको वार्षिक प्रतिवेदन | १२-१३ |
| ४. | वासलात | १४ |
| ५. | आय बिवरण हिसाब | १५ |
| ६. | नगद प्रवाह बिवरण | १६ |
| ७. | अनुसूचीहरू | १७-२५ |
| ८. | प्रमुख लेखा नीति | २६-३१ |

**देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. थानकोट, काठमाडौंको**

# पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

**शेयरधनी महानुभावहरु,**

यस देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. थानकोट, काठमाडौंको मिति २०७०/५/१६ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको पाँचौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा उल्लेखित प्रस्तावहरु उपर छलफल गरी पारित गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी सदस्य महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा बस्ने मिति, स्थान र समयः**

मिति : २०७० साल आश्विन १८ गते, शुक्रबार ।

स्थान : सतुंगल पार्टी प्यालेस, सतुंगल, काठमाडौं ।

समय : दिउँसो ३:०० बजे ।

**साधारण सभामा छलफल हुने विषयहरुः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आ.व. २०६९/०७० को वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. संस्थाको आ.व. २०६९/०७० को लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. चालू आ.व. २०७०/०७१ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. आ.व. २०६९/०७० मा संचालक समितिको निर्णयले भए गरेका सम्पूर्ण कार्यहरुको अनुमोदन सम्बन्धमा ।

५. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि संचालक समितिको तर्फबाट १ जना र शेयर सदस्यको तर्फबाट १ जना प्रतिनिधिको चयन गर्ने सम्बन्धमा ।

६. शेयर सदस्यहरुलाई लाभांश वितरण गर्ने सम्बन्धमा ।

७. कर्मचारी बोनस वितरण गर्ने सम्बन्धमा ।

८. विविध ।

अध्यक्ष

संचालक समितिको आज्ञाले

(नोटः सभामा भाग लिन आउने सदस्यहरूले आफ्नो परिचय खुल्ने परिचय-पत्र अनिवार्य लिएर आउनु पर्नेछ ।)

**देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. को संचालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०६९/०७० को**

# वार्षिक प्रतिवेदन

**आदरणीय शेयरधनी सदस्य महानुभावहरु !**

देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. को पाँचौ वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी सदस्य, प्रमुख अतिथि, अतिथि तथा हाम्रो निमन्त्रणालाई स्विकार गरी पाल्नु भएका संम्पूर्ण महानुभावहरुलाई संस्थाको संचालक समिति र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्न चाहन्छु ।

शेयर धनी सदस्य महानुभावहरु काठमाडौं जिल्लाको पश्चिम भेगिय गा.वि.स हरुलाई कार्यक्षेत्र मानी संकलन गरिएको निक्षेप रकमलाई व्यवसायी, उद्यमी तथा इमान्दार सदस्यहरुको व्यवसाय प्रवर्द्धनको लागि सरल, छिटोछरितो एवंम सुलभ ब्याजदरमा कर्जा प्रवाह गरी सदस्यहरुलाई सवल र आत्मनिर्भर एवं सक्षम व्यवसायी बनाई संस्थाको हिस्सेदारको रुपमा स्थापित गर्दै लाने मुल उद्देश्य सहित २५ जना स्थानिय यूवाहरुले सानो पूँजीका साथ २०६६ साल असार ६ गतेबाट शुरुगरेको संस्थाले आजका मिति सम्म आइपुग्दा निकै ठूलो फड्को मारि सकेको छ । यो सफलताको मुख्य कारक आदरणीय सदस्यहरुको माया, सद्भाव, सुझाब र सल्लाह नै हो भन्ने हामीलाई लाग्दछ । संस्था स्थापना देखि हाल सम्मको अवस्थामा आइपुग्दा यात्रामा केहि समस्याहरु, वाधाहरु तथा अड्चनहरु नआएका होइनन् तरपनि कुशल ब्यवस्थापन, दक्ष कर्मचारी वर्ग तथा सम्पूर्ण शेयर सदस्यहरुको माया, सल्लाह, सुझाब आदिले ति समस्याहरु तथा बाधाहरुलाई पार गर्दै संस्था अगाडी बढ्न सफल भयो । सहकारीको मूल्य मान्यता र सिद्धान्तहरुलाई आत्मसात गर्दै छरिएर रहेको पूँजी, सिप, प्रविधि र ज्ञानलाई एकत्रीत गरी उत्पादक बनाउने उद्देश्य राखी काठमाडौं पश्चिम भेगमा पूर्ण बैंकिङ्ग सुविधा प्रदान गर्दै आएको यस संस्थाले बचतमा आकर्षक ब्याज, कर्जा लगानीमा स्थानिय व्यवसायीलाई प्राथमिकतामा राख्दै जिवन स्तर परिवर्तनको लागि फलदायी भूमिका खेल्दै आएको छ । त्यस्तै हरेक महिना बचत तथा कर्जामा नयाँ नयाँ योजना ल्याउने संस्थाको परम्परा रहि आएको छ । र हाम्रा योजनाहरुमा सदस्यहरुको उल्लेखनिय सहभागिता रहदै आएको छ । भविष्यमा पनि सदस्यहरुलाई नयाँ नयाँ योजना तथा धेरै सुविधा दिने लक्ष्य राखेको यस संस्थाको विकासमा शेयर सदस्यहरुको सहयोगको ठूलो भुमिका रहने छ । साथै हाल प्रवाह भइरहेको सेवाहरुलाई अझ व्यवस्थित एंवम सुलभ बनाउन संचालक समिति र व्यवस्थापन पक्ष सदा सचेत एंवम दत्तचित्त भई लागि परेको व्यहोरा म शेयरधनी सदस्य महानुभावहरुलाई अवगत गराउन चाहन्छु । व्यवस्थापनको अथक प्रयास, कर्मचारीहरुको मिहिनेत र शेयरधनी सदस्य एंवम शुभेच्छुकहरुको अविच्छिन्न सहयोगले गर्दा नै संस्थाले आ.व. २०६९/०७० मा निक्षेप संकलन, शेयरपूँजी वृद्धि तथा खुद नाफामा उल्लेखनिय उपलब्धी हासिल गरेको छ । यो सफलता प्राप्तीमा आदरणीय शेयरधनी सदस्यहरुको समेत प्रत्यक्ष रुपमा महत्वपूर्ण योगदान रहेको छ । अब म आ.व. २०६९/०७० मा संस्थाले हासिल गरेको सफलतालाई यसै प्रतिवेदनमा बुँदागत रुपमा यस साधारण सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

### १. व्यवस्थापन

सहकारी ऐन, नियम, संस्थाको स्वीकृत विनियम, सहकारी मापदण्ड, सहकारी विभाग र डिभिजन सहकारी कार्यालय काठमाडौं, जिल्ला सहकारी संघको अनुगमन, निर्देशन तथा संचालक समितिको प्रत्यक्ष रेखदेख र अधिनमा संस्थाको दैनिक कार्य संचालन हुँदै आइरहेको छ । शेयरधनी सदस्यहरुलाई छरितो र सरल ढंगले स्तरीय सेवा प्रवाह गराउन हाल संस्थामा कार्यकारी अध्यक्ष-१, प्रबन्धक-१, सहायक अधिकृत-२, वरिष्ठ सहायक-१, सहायक-५, कनिष्ठ सहायक-८, पियन-१ समेत १९ जना पदाधिकारी एवं कर्मचारी वर्ग निरन्तर रुपमा व्यवस्थापकिय कार्यमा क्रियाशील रहेका छन् । आ.व. २०६९/०७० मा कर्मचारी संख्या वृद्धि नभएको व्यहोरा समेत अवगत गराउन चाहन्छु । व्यवस्थापनले हालको प्रतिस्पर्धी वित्तीय वातावरणलाई बुझी कर्मचारीको कार्यदक्षता वृद्धिको लागि समय समयमा विभिन्न किसिमका तालिमहरुमा सहभागी गराई रहेको र चालू आ.व. मा समेत यस कार्यलाई निरन्तरता दिइने व्यहोरा आदरणीय शेयरधनी सदस्य महानुभावहरु समक्ष अवगत गराउन चाहन्छु । यस संस्थाको लेखा प्रणालीलाई कम्प्युटकृत गरिएको हुँदा शेयर सदस्यहरुमाझ छिटो, छरितो र भरपर्दो सेवा प्रदान गर्न संस्था सक्षम रहेको छ । संस्थामा कार्यरत कर्मचारीहरुको मनोबल उच्च राखी प्रेरणा दिन, प्रोत्साहन दिन कार्यसम्पादन मूल्याङ्कनको आधारमा कार्यसम्पादन मूल्याङ्कन भत्ता, तह वृद्धि, समय समयमा सोही आधारमा पुरस्कार तथा सम्मान र आवश्यकता अनुसारको विषयगत प्रशिक्षण तालिम प्रदान गरि सिप, दक्षता तथा आत्म-विश्वासमा वृद्धि गराउने कार्य हुँदै आइरहेको छ । कार्यसम्पादन मूल्याङ्कनको आधारमा राम्रो काम नगर्ने कर्मचारीहरुको हकमा संस्थाको कर्मचारी सेवा, शर्त, सुविधा सम्बन्धी विनियमावली र आवश्यकता परेमा नेपाल सरकारको प्रचलित ऐन, कानुन तथा नियम बमोजिम दण्ड सजाय समेत गरी कर्मचारी प्रशासनलाई चुस्त दुरुस्त बनाईएको व्यहोरा आदरणीय शेयरधनी सदस्य महानुभावहरुलाई जानकारी गराउन चाहन्छु ।

### २. शेयरपूँजी:

आ.व. २०६९/०७० मा संस्थाको शेयरपूँजी रु. १२०६७९०० (एक करोड बीस लाख सडसठ्ठी हजार नौ सय रुपैयाँ मात्र) पुगेको व्यहोरा आदरणीय शेयरधनी सदस्यहरु समक्ष अवगत गराउन चाहन्छु ।

### ३. निक्षेप संकलन:

संस्थाको गत आ.व. २०६८/०६९ को कूल निक्षेप रु. ११,३२,७०,०२०.९९ (एघार करोड बत्तिस लाख सत्तरी हजार बीस रुपैयाँ उनान्सय पैसा मात्र) रहेकोमा आ.व. २०६९/०७० मा संस्थाले विभिन्न बचत योजना अन्तर्गत रु. ३०,७७५,८०६.४७ (तीन करोड सात लाख पचहत्तर हजार आठ सय छ रुपैयाँ सडचालिस पैसा मात्र) थप निक्षेप संकलन गरी कूल निक्षेप रु. १४४,०४५,८२७.४६ (चौध करोड चालिस लाख पैतालिस हजार आठ सय सत्ताईस रुपैयाँ छयालिस पैसा मात्र) पुऱ्याउन सफल भएका छौं ।

## ४. कर्जा सापटी तथा लगानी र असुली:

गत आ.व. २०६८/०६९ मा कर्जा लगानीमा रहेको रु. ९,१२,३३,५५५.२३ (नौ करोड बाह्र लाख तेत्तिस हजार पाँच सय पचपन्न रुपैयाँ तेइस पैसा मात्र) मा आ.व. २०६९/०७० को अन्त्य सम्ममा थप कर्जा रु. ११८,१९७,०८४.०० (एघार करोड एकासी लाख सन्तानब्बे हजार चौरासी रुपैयाँ मात्र) लगानी गरिएको मध्ये रु. ८६,०६३,९२७.०९ (आठ करोड साठी लाख त्रिसाठी हजार नौ सय सत्ताइस रुपैयाँ नौ पैसा मात्र) कर्जा असुली गरि बाँकी कर्जा रकम रु. १२३,३६६,७१२.१४ (बाह्र करोड तेत्तिस लाख छैसाठी हजार सात सय बाह्र रुपैया चौध पैसा मात्र) कर्जा लगानीमा रहेको व्यहोरा शेयरधनी सदस्यहरु माफ जानकारी गराउन चाहन्छु ।

## ५. आ.व. २०६९/०७० को कूल आम्दानी र खर्च विवरण:

आम्दानी तर्फ संस्थाले आ.व. २०६९/०७० मा कर्जा लगानीबाट ब्याज रु. १८,५१६,३८२.७२ (एक करोड पचासी लाख सोह्र हजार तीन सय बयासी रुपैयाँ बहत्तर पैसा मात्र) र प्रक्रियागत शुल्क लगायत अन्य विविध आम्दानी रु. ५,७९७,४८८.०२ (सन्ताउन्न लाख सन्तानब्बे हजार चार सय अठ्ठासी रुपैयाँ दुई पैसा मात्र) गरी कूल रु. २४,३१३,८७०.७४ (दुई करोड त्रिचालिस लाख तेह्र हजार आठ सय सत्तरी रुपैयाँ चौहत्तर पैसा मात्र) आम्दानी गरेको छ भने खर्च तर्फ यस आ.व. २०६९/०७० मा प्रशासनिक खर्च रु. ३,०८२,७१२.५३ (ती लाख बयासी हजार सात सय बाह्र रुपैयाँ त्रिपन्न पैसा मात्र), कर्मचारी खर्च रु. ४,१४३,२८९.१५ (एकचालीस लाख त्रिचालीस हजार दुई सय उनानब्बे रुपैयाँ पन्ध्र पैसा मात्र) ह्रास कट्टी खर्च रु. ५९९३३७.८६ (पाँच लाख उनान्सय हजार तीन सय सडतीस रुपैयाँ छयासी पैसा मात्र) विभिन्न बचतमा प्रदान गरिएको ब्याज खर्च रु. १२,३२६,९३७.३७ (एक करोड तेईस लाख छब्बीस हजार नौ सय सडतीस रुपैयाँ सडतीस पैसा मात्र) र संभावित कर्जा जोखिम नोक्सानी व्यवस्था तर्फ रु. १,३४४,२०२.०० (तेह्र लाख चौवालीस हजार दुई सय दुई रुपैयाँ मात्र) समेत गरी जम्मा रु. २१,४९६,४७८.९१ (दुई करोड चौध लाख छयानब्बे हजार चार सय अठहत्तर रुपैयाँ एकानब्बे पैसा मात्र) खर्च भएको व्यहोरा समेत म शेयरधनी महानुभावहरु समक्ष अवगत गराउन चाहन्छु ।

## ६. नाफा नोक्सान हिसाब:

आ.व. २०६९/०७० मा संस्थाको कूल आम्दानी रु. २४,३१३,८७०.७४ (दुई करोड त्रिचालिस लाख तेह्र हजार आठ सय सत्तरी रुपैयाँ चौहत्तर पैसा मात्र) र सोही अवधिको संस्थाको रु. २१,४९६,४७८.९१ (दुई करोड चौध लाख छयानब्बे हजार चार सय अठहत्तर रुपैयाँ एकानब्बे पैसा मात्र) खर्च रहन गएको छ । यसर्थ संस्थाले आ.व. २०६९/०७० मा कोषको लागि उपलब्ध मुनाफा रु. २,८१७,३९१.८३ (अट्ठाइस लाख सत्र हजार तीन सय एकानब्बे रुपैयाँ त्रियासी पैसा मात्र) आर्जन गरेको व्यहोरा म आदरणीय शेयरधनी सदस्य समक्ष राख्न चाहन्छु ।

## ७. कुल कारोवार:

संस्थाले आर्थिक वर्ष २०६९/०७० अन्त्यसम्म कूल कारोवार रु. १६७,११०,९६७.७० (सोह्र करोड एकहत्तर लाख दस हजार नौ सय सडसाठी रुपैयाँ सत्तरी पैसा मात्र) पुऱ्याउन सफल रहेको व्यहोरा शेयरधनी सदस्यहरु माभ्क सहर्ष जानकारी गराउन चाहन्छु ।

## ८. सामाजिक कार्य

काठमाडौं जिल्लाको पश्चिम भेगिय क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल यस संस्थाले सामाजिक कार्यहरुमा पनि सहभागिता जनाउदै आई रहेको छ । तर पनि संस्थाले सामाजिक कार्यहरुलाई त्यति अगाडी बढाउन नसकेको गुनासोलाई आत्मसात गर्दै संस्थाको आफ्नै सहकारी भवन निर्माण पश्चात वृहत रुपमा सामाजिक कार्य एंव समाजसेवामा योगदान दिने लक्ष्य लिएका छौं ।

## ९. देवदर्शन सदस्य हित कोष:

गत आ.व.मा सस्थाले लिएको सदस्य हितकोष संचालन गर्ने योजना बमोजिम शेयर सदस्यहरुलाई थप सेवा, सुविधा प्रदान गर्ने उद्देश्यले सदस्य हित कोषको व्यवस्था गरिएको छ । जस अन्तर्गत सदस्यता लिएको एक वर्ष (१वर्ष) पुरा गरेका न्यूनतम ५० कित्ता शेयर र शेयर सदस्य नियमित बचत खाता सक्रिय रुपमा संचालन गरेका सदस्यहरुलाई निम्न अनुसार सुविधा प्रदान गर्ने व्यवस्था गरिएको छ ।

क) दुर्घटनामा क्षतिराहत तथा काजकिरीया खर्च

ख) सुत्केरी भत्ता

ग)काजकिरीया खर्च

घ) छात्रवृत्ति कार्यक्रम

ङ) Devdarshan SLC Excellent Award

साथै आदरणीय शेयरधनी सदस्यहरुलाई देवदर्शन सदस्य हितकोषमा सहभागि हुनको लागि शेयर सदस्य नियमित बचत खाता खोली सक्रिय रुपमा संचालन गर्न एवंम न्यूनतम कित्ता बराबर (५० कित्ता) शेयर पुरा गरिदिनु हुन यस सभा समक्ष अनुरोध गर्दछु ।

## १०. आवद्धता:

संस्था निम्न संघ, संस्थाहरुमा आवद्ध रहेको आदरणीय शेयर सदस्यहरुलाई जानकारी गराउन चाहन्छु ।

क) राष्ट्रिय सहकारी बैंक

ख) नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (NEFSCUN)

ग) जिल्ला सहकारी संघ, काठमाडौं ।

## ११. संस्थाका निर्माणाधीन भवन:

संस्थाको नाममा खरिद गरिएको काठमाडौं जिल्ला महादेवस्थान गा.वि.स. वडा नं. २ 'क' स्थित कित्ता नं. ८९१ को ०-५-२-० क्षेत्रफल जग्गामा संस्थाले गत आ.व.मा लिएको आफ्नै भवन निर्माण गरी सेवा प्रदान गर्ने योजना अनुसार ३ सदस्यीय भवन निर्माण उपसमिति गठन गरी मिति २०६९/१२/२२ गते भवन निर्माणको बोलपत्र आह्वान गरी अन्तिम मिति सम्म प्राप्त भएका कुल ५ वटा (पाँच वटा) गोप्य शिलबन्दी बोलपत्रहरु मध्ये Civil Work को लागि सम्पूर्ण कागजात पुराभएको एंव सबैभन्दा कम कबोल मूल्य रु ५८,५७,२७५.८० (अक्षरेपी: अन्ठाउन्न लाख सन्ताउन्न हजार दुई सय पचहत्तर पैसा असी मात्र) मूल्य अभिवृद्धि कर (Vat) बाहेक भएको श्री कालिका भैरब कन्स्ट्रक्सन प्रा.लि. किसिपिडी, महादेवस्थान-१ काठमाडौं (प्रो. श्री सुमन महर्जन) को बोलपत्र स्वीकृत गरी मिति २०७०/०२/३० गते नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफस्कुन)का अध्यक्ष श्री मिनराज कँडेल ज्यूको बाहुलीबाट संस्थाको भवन शिलान्यास सम्पन्न भएको जानकारी गराउन चाहन्छु। भवन निर्माणको कार्य तिब्र रुपमा संचालन भईरहेको जानकारी पनि यस साधारण सभा समक्ष गराउन चाहन्छु र आन्तरीक सजावटको लागि पुन बोलपत्र आह्वान गर्ने छौं। साथै चौथो साधारण सभामा लिइएको लक्ष्य भवन शुभारम्भको १६ महिना भित्रमा भवन तयार गर्ने योजना पुरा हुनेमा हामी पूर्ण विश्वस्त छौं। त्यस्तै भवन निर्माण को लागि कुल लागत रु. १५,०००,०००.०० (अक्षरेपी: एक करोड पचास लाख मात्र) (जग्गा सहित) बजेट अनुमान गरिएकोमा भवन निर्माण अवधिमा हुने बजार मूल्य उतार-चढाब ले कुल लागत मूल्यमा केहि घटबढ हुन सक्ने जानकारी गराउन चाहन्छु।

## १२. आ. ब. ०७०/०७१ को लागि लक्ष्य एवं बजेट :

### क. शेयर पूजी :

संस्थाको कारोबार बृद्धि गर्न सदस्य संख्या बृद्धि संगै आ.ब. ०७०/०७१ सम्ममा रु. २ करोड शेयर पूँजी पुऱ्याउने संस्थाको लक्ष्य रहेको छ। त्यसै गरी उक्त कार्य सफल बनाउनका लागि शेयर सदस्य महानुभावहरुलाई शेयरमा गरेको लगानीमा सन्तोषजनक प्रतिफल प्रदान गर्ने दृढ संकल्पका साथ शेयर पूँजी बृद्धिको लागि आवश्यक पहल गरिने व्यहोरा जानकारी गराउँदछौं।

### ख. निक्षेप संकलन :

बिभिन्न प्रकारका निक्षेप संकलन एवं भुक्तानी गरी आ. ब. ०७०/०७१ को अन्त्य सम्ममा संस्थाको कुल बाँकी निक्षेप रु. १९ करोड पुऱ्याउने लक्ष्य रहेको छ।

### ग. कर्जा लगानी :

शेयर, बचत, साँवा र ब्याज असुलीको रकम तथा अन्य आम्दानी आदिबाट आएको रकम समेतबाट आ.ब. ०७०/०७१ मा विभिन्न उद्देश्यका कर्जामा रु १५ करोड लगानी गर्ने उद्देश्य राखिएको छ।

### घ. कर्जा असुली :

सम्पूर्ण लगानी गरिएका पुराना कर्जा तथा आ. ब. ०७०/०७१ मा लगानी गरिने कर्जा समेतको असुली कार्य तालिका अनुसार रु. १० करोड ३३ लाख असुली गरि सोहि आ.ब. को अन्त्य सम्ममा लगानीमा बाँकी कर्जा रु. १७ करोड हुने अनुमान गरिएको छ ।

### ङ. कर्मचारी दरबन्दी :

आ. ब. ०७०/०७१ मा १ जना कार्यकारी अध्यक्ष, १ जना प्रबन्धक, २ सहायक अधिकृत, १ जना बरिष्ठ सहायक, ५ जना सहायक, ८ जना कनिष्ठ सहायक, १ जना कार्यालय सहयोगी, र १ जना कानूनी सल्लाहकार, २ जना सुरक्षाकर्मी गरी जम्मा २२ जना पदाधिकारी, अधिकृत र अन्य कर्मचारीहरु क्रियाशील रहने छन् ।

### च. अनुमानित खर्च :

आ. ब. ०७०/०७१ को लागि कर्मचारीहरुको तलब, भत्ता तथा अन्य सुबिधा आदिको लागि रु. ५३ लाख ६० हजारको व्यवस्था गरिएको छ । त्यस्तै कार्यालय संचालन खर्च तर्फ रु. ६९ लाख ४१ हजार र बचत तथा सापटीमा ब्याज खर्च तर्फ रु. १ करोड ७६ लाख ७० हजार गरी जम्मा रु. २ करोड ९९ लाख ७१ हजार व्यवस्था गरिएको छ ।

### छ. अनुमानित आम्दानी :

आ. ब. ०७०/०७१ मा कर्जा तथा सापट बाट ब्याज आम्दानी तर्फ रु. २ करोड ७४ लाख ५० हजार अनुमान गरिएको छ । त्यसैगरी विविध आम्दानी तर्फ रु. ७५ लाख ७० हजार गरी जम्मा अनुमानित आम्दानी रु. ३ करोड ५० लाख २० हजार हुने अनुमान गरिएको छ ।

### ज. नाफा-नोक्सान स्थिति :

उपरोक्त बमोजिम कुल अनुमानित आम्दानी रकम रु. ३ करोड ५० लाख २० हजार बाट अनुमानित खर्च रकम रु. २ करोड ९९ लाख ७१ हजार कट्टा गर्दा अनुमानित नाफा रकम रु. ५० लाख ४९ हजार रहन जाने देखिन्छ ।

### झ. आ. ब. ०७०/०७१ को लागि अनुमानित सम्पत्ति बजेट :

आ. ब. २०७०/०७१ मा संस्थाको भवन निर्माण कार्य सम्पन्न हुने हुदाँ अनुमानित रु १०,१३९,५२१.०० (एक करोड एक लाख उन्नचालिस हजार पाँच सय एकाइस मात्र) भवन निर्माणको लागि बजेट बिनियोजन गरिएको छ ।

**१३. धन्यवाद ज्ञापनः**

अन्तमा संस्थालाई निरन्तर रुपमा सहयोग गरी रहनु हुने हाम्रा आदरणीय शेयरधनी सदस्यहरुलाई म हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । त्यसैगरी संस्था संचालनका लागि मार्गदर्शकको रुपमा रहेको सहकारी विभाग काठमाडौं, डिभिजन सहकारी कार्यालय काठमाडौं, संचालक समितिका पदाधिकारीहरु, लेखा समितिका पदाधिकारीहरु, संस्थालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने व्यक्ति संघसंस्था एवं आ.व. २०६९/०७० को लेखा परीक्षण प्रतिवेदन तयार गरी सहयोग पुऱ्याउनु हुने लेखा परीक्षक श्री चन्द्र बहादुर गुरुङ्ग (चन्द्र एण्ड कम्पनी) र नेपाल सरकारको सम्बन्धित निकाय समेतलाई सहयोगको लागि स-धन्यवाद हार्दिक आभार प्रकट गर्न चाहन्छु । भविष्यमा पनि सबै क्षेत्रबाट यही किसिमको सहयोग पाउने अपेक्षा गरेको छु । संस्था सञ्चालनमा हरतरहले सहयोग पुऱ्याउने संस्थाका प्रबन्धक, अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुलाई मेरो तर्फबाट धेरै धेरै धन्यवाद दिन चाहन्छु । साथै आजको यस सभामा हाम्रो निमन्त्रणालाई स्वीकारी पाल्नु भएका प्रमुख अतिथि, बिषेश अतिथि, अतिथि, शेयर सदस्य महानुभावहरु र विभिन्न मिडियाबाट उपस्थित पत्रकार मित्रहरमा समेत हार्दिक कृतज्ञता प्रकट गर्दछु । अन्तमा लेखा परीक्षकद्वारा तयार पारिएको आ.व. २०६९/०७० को लेखा परीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब लगायत अन्य वित्तीय विवरणहरु र संचालक समितिको तर्फबाट प्रस्तुत प्रस्तावहरु अनुमोदनको लागि शेयरधनी सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

जय सहकारी ॥

२०७०।०६।१८ गते शुक्रबार

**Chandra & Company**

Pan 500057085

Registered Auditor
Regd. No 2150 B
C. O. P. No 1212
Phone no 014420187
Kathmandu, Thamel

# देबदर्शनं बचत तथा ऋण सहकारी संस्था लि. का
## शेयर सदस्य महानुभावहरु समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिबेदन

### वित्तीय विवरण उपर प्रतिवेदन

१. हामीले देबदर्शन बचत तथा ऋण सहकारी संस्था लि, काठमाण्डौको वित्तीय विवरण जसले २०७० साल आषाढ ३१ (१५ जुलाई २०१३) को वासलात, सो मितिमा समाप्त भएको आर्थिक बर्ष २०६९।२०७० को आय बिवरण हिसाव, नगद प्रबाह विवरण तथा इक्विटीमा परिवर्तन विवरण र प्रमुख लेखानिती तथा लेखा टिप्पणी समावेश गर्दछ, जसको लेखा परीक्षण सम्पन्न गरेको छौ ।

### वित्तीय विवरण उपर ब्यबस्थापनको उत्तरदायित्व

२. प्रचलित कानुन तथा लेखामान बमोजिम वित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुतीकरण गर्नु देबदर्शन  बचत तथा ऋण सहकारीसंस्था लि को ब्यबस्थापनको उत्तरदायित्व हो । यस उत्तरदायित्व अन्तर्गत वित्तीय विवरण गलत आंकडा, जालसाजी वा त्रुटीको कारण रहीत छ भनी तयारी र प्रस्तुतीकरण गर्ने कार्यसंग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागु गर्ने र अधावधिक वनाई राख्ने, उपयुक्त लेखानीतिको छनोट गर्ने र लागु गर्ने तथा तत्कालीन अवस्थामा उपयुक्त लेखा अनुमानहरु गर्ने कार्यहरु पर्दछन् ।

### लेखा परिक्षकको उत्तरदायित्व

वित्तिय विवरण उपर लेखापरिक्षणको आधारमा आफ्नो राय जारी गर्नु हाम्रो उत्तरदायित्व हो । सहकारी ऐन २०४८ तथा सहकारी मापदण्ड २०६८ र नेपाल लेखापरिक्षणमानको आधारमा लेखा परिक्षण सम्पन्न गर्नु पर्दछ । यी लेखापरीक्षणमानहरु वमोजिम वित्तिय विवरणहरु गलत आंकडा  रहित छ भनि विश्वास्त हुन लेखापरिक्षकले नैतिक मुल्य मान्यताका पालना गर्नु पर्दछ र सो बमोजिम लेखापरिक्षण योजना  तयार गरि लेखापरिक्षण गर्नु पर्दछ ।

वित्तिय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको नमुना ( छड्के ) परीक्षण समेत लेखापरिक्षणमा समावेश हुन्छ । (निकाय) ले आवलम्वन

गरेको लेखा नीति व्यवस्थापनले गरेका महत्वपुर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मुल्यांकन पनि लेखा परिक्षणमा समावेश हुन्छ ।

लेखापरीक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने लेखा टिप्पणी बाहेक कुरामा हामी विश्वस्त छौ ।

१. उपरोक्त आधारमा लेखा परीक्षण गरी निम्नानुसारको प्रतिबेदन पेश गरेको छौं ।

(क) लेखा परीक्षण सम्पन्न गर्न हामीले आवश्यक ठानेको सूचना र स्पष्टीकरणहरु उपलब्ध भएका छन् ।

(ख) यस प्रतिबेदनसँग सम्बन्धित वासलात र आय बिबरण हिसाब तथा नगद प्रबाह विवरण, आर्थिक बिवरणको अनुसुची १९(१०, ११) र अनुसुची २०( १ देखि ३ र ६, ८) मा उल्लेख भए बाहेक नेपाल लेखामान, सहकारी बिभागबाट जारी भएका निर्देशन एवं प्रचलित कानुनलाई पालन गरी तयार भएका छन् र सँस्थाले राखेको लेखासँग टिप्पणी गरेको बाहेक दुरुस्त रहेका छन् ।

२. हामीलाई प्राप्त जानकारी अनुसार , स्पष्टीकरण र हामीले परीक्षण गरेको श्रेस्ताहरुबाट संस्थाको संचालक समिति वा कुनै संचालक वा संस्थाको कुनै कर्मचारीले लेखा सम्बन्धी कुनै ऐन कानून विरुद्ध काम गरेको वा संस्थालाई कुनै हानी नोक्सानी वा बेहिसाव गरेको, संस्था तथा निक्षेपकर्ताको हक वा सुरक्षा विपरीत हुने काम गरेको पाएनौ, र

## राय

अघिल्लो अनुच्छेदमा व्याख्या गरिएको बिषयवस्तुको असरका कारण समायोजन हुन सक्ने वाहेक हाम्रो रायमा, संलग्न वित्तिय विवरणले सारभुतरुपमा २०७० असाढ मसान्त को वित्तिय स्थिति, सो मितिमा समाप्त भएको आर्थिक वर्षको वित्तिय कार्य सम्पादन र नगद प्रवाहको लेखामान तथा सहकारी ऐन २०४८ वमोजिम सहि र यथार्थ चित्रण गर्दछ ।

सि. बी गुरुङ्ग
(निमित्त चन्द्र एण्ड कम्पनी)
स्थान काठमाण्डौ
काठमाण्डौ, ठमेल

मिती: २०७०/०५/ १६

सहकारी संघ/संस्था दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा
नियमन सम्बन्धि मापदण्ड २०६८ अनुसार
अनुसूची २
(दफा ११ (४) संग सम्बन्धित)

## देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.को २०६९/०७० को लेखा समितिको वार्षिक प्रतिवेदन

सहकारी संस्थाको नाम, ठेगाना: देवदर्शन साकोस, थानकोट, काठमाडौं । आ.व. : २०६९/०७०

१. अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था:
- संस्थाको चौथो वार्षिक साधारण सभाको निर्णयहरु कार्यान्वयनमा आएको पाईयो ।

२. आ.व. ०६९/०७० मा बसेको वैठक संख्या निर्णयहरु कार्यान्वयनको अवस्था:
- संचालक समितिको वैठक संख्या २३ र निर्णयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको देखिन्छ ।

३. ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धि व्यवस्था:
- संस्थाको ऋण नीति २०६७ अनुरुप लगानी गर्ने गरेको ।

४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण:
- सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको अनुसार नै क्रमश: पालना भएको देखिन्छ ।

५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरु:
- सहकारी विभागले अनुगमन गरी दिएको प्रतिवेदन अनुसार क्रमिक रुपमा सुधार गर्दै लगिएको देखियो ।

६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण:

६.१. संचालक समिति:

६.१.१. अध्यक्ष लगायत संचालक समितिका सम्पूर्ण पदाधिकारीहरु संचालक समितिको वैठकमा उपस्थित भए वापत प्रति बैठक रु २,५००/-का दरले बैठक भत्ता लिने गरेको ।

६.१.२. अध्यक्षले कार्यकारीको भूमिका समेत निर्वाह गर्ने भएकोले निजले मासिक रु. २५,०००/- तलब र भत्ता रु. १०,०००/- साथै कर्मचारी सरह अन्य सुबिधाहरु प्राप्त गर्ने गरेको पाईयो ।

६.२. लेखा समिति:

६.२.१. लेखा समिति संयोजकले लेखा समितिको बैठकमा उपस्थित भए वापत प्रति बैठक रु. २,५००/- र लेखा समिति सदस्यहरुले लेखा समितिको बैठकमा उपस्थित भए वापत प्रति बैठक रु. १,५००/- का दरले बैठक भत्ता लिने गरेको पाईयो ।

७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु:

७.१. साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको: **भएको**

७.२. कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको: **ल्याइएको**

७.३. भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको: **भएको**

७.४. कार्यरत कर्मचारीहरु र कार्यबोझ बीच तादम्यता रहेको/नरहेको: **रहेको छ ।**

७.५. व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण: **दक्ष भएको ।**

७.६. कर्मचारीहरुको भर्ना प्रक्रिया र संख्या:

७.६.१. करार: **२ जना**

७.६.२. अस्थायी: **३ जना**

७.६.३. स्थायी: **१५ जना**

८. लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था:

- लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमको सुझावहरुको कार्यान्वयन भएको देखिन्छ ।

९. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु:

क) सहकारी ऐन, नियम र निर्देशन अनुरुप लेखा राख्ने गरिएको, आर्थिक प्रशासन सम्बन्धी विनियमावली, कर्मचारी प्रशासन विनियमावली, ऋण नीति, बचत नीति, कार्यान्वयन गरिएको छ ।

ख) संस्थाको सम्पूर्ण कारोबार कम्प्यूटरकृत माध्यमबाट व्यवस्थित गरी पारदर्शी ढंगबाट छिटो छरिटो तरिकाबाट सेवा प्रदान गरिरहेको छ ।

ग) संचालक समिति, लेखा समिति र विभिन्न उपसमितिहरुको प्रत्यक्ष निगरानीमा व्यवस्थापनद्धारा संस्थाको लक्षित उद्देश्य प्राप्त गर्न संस्था अगाडी बढिरहेको छ ।

घ) संस्थाको भवन निमार्णको लागि विधिपूर्वक टेन्डर आव्हान, स्विकृत भएको, निर्माण कार्यको निरिक्षणको लागि श्री रुपेश कार्की ज्यूलाई प्राविधिक नियुक्ती भएकोले भवन निर्माणका सबै पक्षहरु पारदर्शी छ ।

ङ) संस्थाको निर्माणाधिन भवन निर्माण सम्पन्न भएपछि सदस्यहरुको अझ बढि विश्वासका साथ संस्था अगाडि बढ्नेमा हामी विश्वस्त छौं ।

१०. लेखा समितिको सुझावहरु:

१०.१. सहकारीको मेरुडण्डको रुपमा रहेको नियमित बचत गर्न सदस्यहरुलाई अभिप्रेरित गर्नुपर्ने ।

१०.२. संस्थाको कारोबार बृद्धि भैरहेको र शेयरपूँजी कम भएकोले तत्काल शेयरपूँजी बृद्धि गर्नुपर्ने देखिन्छ ।

१०.३. कर्जा लगानी नै संस्थाको आम्दानीको मुख्य मेरुदण्ड भएतापनि लगानीका नयाँ क्षेत्रहरु पहिचान गरि लगानीका नयाँ क्षेत्र खोज्नु पर्ने देखिन्छ ।

१०.४. उत्पादनमुलक क्षेत्र (सदस्य)हरुलाई बढी प्राथमिकताका साथ ऋण लगानी गर्नुपर्ने ।

१०.५. १० जना भन्दा बढी व्यक्तिहरुलाई रोजगार प्रदान गर्ने शेयर सदस्यहरुलाई १ प्रतिशत कम व्याजमा लगानी गर्नु पर्ने ।

यस समितिलाई आवश्यक सहयोग प्रदान गर्नु हुने संचालक समिति, प्रबन्धक, अधिकृत तथा अन्य सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

| | | |
|---|---|---|
| नानु पण्डित (थापा)<br>संयोजक | विमल विक्रम बानियाँ<br>सदस्य | बसन्त महर्जन<br>सदस्य |

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**थानकोट, काठमाण्डौ**

**२०६९ श्रावण १ देखि ०७० असार ३१ गते सम्मको**

## वासलात

| विवरण | अनूसुचि | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| | | **पूंजी तथा दायित्व** | |
| शेयर पूँजी | ०१ | १२,०६७,९००।०० | १०,७२९,५००।०० |
| जगेडा तथा अन्य कोष | ०२ | ५,१२१,०९६।१३ | ३,६०२,५४९।०५ |
| निक्षेप दायित्व | ०३ | १४४,०४५,८२७।४६ | ११३,२७०,०२०।९९ |
| अन्य दायित्वहरु | ०४ | ५,८७६,१४४।११ | ४,३९६,१३५।९५ |
| **जम्मा** | | **१६७,११०,९६७।७०** | **१३१,९९८,२०५।९९** |
| | | **जायजेथा तथा सम्पत्ति** | |
| नगद तथा बैंक मौज्दात | ०५ | ३३,३१४,०७३।१९ | ३०,८९६,४४५।८७ |
| कर्जा तथा सापटी | ०६ | १२३,३६६,७१२।१४ | ९१,२३३,५५५।२३ |
| स्थिर सम्पत्ति | ०७ | ६,७२९,७२८।५८ | ७,२६५,२२८।२५ |
| अन्य सम्पत्ति | ०८ | २,६७४,४५३।७९ | १,०९२,९७६।६४ |
| ब्याबसायिक लगानी | ०९ | १,०२६,०००।०० | १,५१०,०००।०० |
| **जम्मा** | | **१६७,११०,९६७।७०** | **१३१,९९८,२०५।९९** |

| | | |
|---|---|---|
| प्रमुख लेखा नीतिहरु | १९ | - |
| लेखा सम्बन्धी टिप्पणी | २० | - |

लेखापाल        अध्यक्ष        रजिष्टर्ड लेखापरीक्षक

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**थानकोट, काठमाण्डौ**

**२०६९ श्रावण १ देखि ०७० असार ३१ गते सम्मको**

## आय बिवरण हिसाब

| आम्दानी | अनुसुचि | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| व्याज आम्दानी | १० | १८,५१६,३८२।७२ | १५,७५१,७६८।९१ |
| अन्य आम्दानी | ११ | ४,७३३,९८९।७४ | ४,०२३,०७२।३८ |
| सम्भाबित जोखिम कोषबाट फिर्ता | १८ | १,०६३,४९८।२८ | - |
| **जम्मा** | | **२४,३१३,८७०।७४** | **१९,७७४,८४१।२९** |

| खर्च | अनुसुचि | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| व्याज खर्च | १२ | १२,३२६,९३७।३७ | ९,२३१,३५०।६३ |
| कार्यालय संचालन खर्च | १३ | ३,०८२,७१२।५३ | २,७१५,१३२।२० |
| सापटी व्याज खर्च | १४ | - | - |
| ह्रास कट्टी | ०७ | ५९९,३३७।८६ | ७७८,५४४।२० |
| कर्मचारी खर्च | १५ | ४,१४३,२८९।१५ | ३,६१०,६१४।५० |
| सम्भाबित जोखिम कोष ब्यबस्था | १६ | १,३४४,२०२।०० | १,०६३,४९९।०० |
| कर्मचारी बोनष खर्च | १७ | - | - |
| **जम्मा** | | **२१,४९६,४७८।९१** | **१७,३९९,१४०।५३** |

| विवरण | अनुसुचि | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| यस वर्षको संचालन मुनाफा | | २,८१७,३९१।८३ | २,३७५,७००।७६ |
| गत बर्षको नोक्सान | | - | - |
| यस बर्षको खुद मुनाफा (गत बर्षको नोक्सान पछिको) | | २,८१७,३९१।८३ | २,३७५,७००।७६ |
| आयकर व्यवस्था | | - | - |
| यस वर्षको खुद नाफा (आयकर पछिको) | | २,८१७,३९१।८३ | २,३७५,७००।७६ |
| **कोषको लागि उपलब्ध मुनाफा** | | **२,८१७,३९१।८३** | **२,३७५,७००।७६** |

लेखापाल | अध्यक्ष | रजिष्टर्ड लेखापरीक्षक

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**थानकोट, काठमाण्डौ**

**२०६९ श्रावण १ देखि ०७० असार ३१ गते सम्मको**

## नगद प्रवाह विवरण

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| **क) संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| खुद नाफा यस वर्ष | २,८१७,३९१।८३ | २,३७५,७००।७६ |
| **समायोजन** | - | - |
| ह्रास कट्टी | ५९९,३३७।८६ | ७७८,५४४।२० |
| सम्पत्ति बिक्रिबाट प्राप्त | २०७,५८३.७१ | ८७८,३६७।७८ |
| जगेडा तथा कोष (घटाउने) | (१,२९८,८४४।७५) | (१,०४९,२४७।५२) |
| नियमित तथा क्रमिक निक्षेप दायित्व बृद्धि | ३०,७७५,८०६।४७ | ९,७१७,२७५।१८ |
| अन्य दायित्व बृद्धि | १,४८०,००८।१६ | ९८६,५९१।९१ |
| कर्जा तथा सापटि (घटाउने) | (३२,१३३,१५६।९१) | २,४५१,५४९।६८ |
| पुर्ब संचालन खर्च(घटाउने) | - | - |
| अन्य सम्पत्ति (घटाउने) | (१,५८१,४७७।१५) | १२७,८७४।९० |
| कुल संचालन गतिविधीबाट नगद प्रवाह | ८६६,६४९.२२ | १६,२६६,६५६।८९ |
| **ख) लगानीको गतिविधीबाट नगद प्रवाह** | | |
| लगानी (घटाउने) | ४८४,०००।०० | (१,०१०,०००।००) |
| सम्पति समायोजन | (०।३०) | - |
| सम्पत्ति खरिद (घटाउने) | (२७१,४२१.६०) | (५,३३६,३०३।३३) |
| कुल लगानी गतिविधिबाट नगद प्रवाह | २१२,५७८.१० | (६,३४६,३०३।३३) |
| **ग) वित्तिय गतिविधीबाट नगद प्रवाह** | | |
| सेयर पुाजी बृद्धि | १,३३८,४००।०० | १,८३९,६००।०० |
| **कूल वित्तिय गतिविधिबाट नगद प्रवाह** | १,३३८,४००।०० | १,८३९,६००।०० |
| कूल गतिविधिबाट नगद–प्रवाह (क+ख+ग) | २,४१७,६२७।३२ | ११,७५९,९५३।५६ |
| जोड्ने:गत वर्षको बैक तथा नगद मौज्दात | ३०,८९६,४४५।८७ | १९,१३६,४९२।३१ |
| **कूल नगद तथा बैंक मौज्दात** | ३३,३१४,०७३।१९ | ३०,८९६,४४५।८७ |

लेखापाल　　　　अध्यक्ष　　　　रजिष्टर्ड लेखापरीक्षक

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**थानकोट, काठमाण्डौ**

**२०६९ श्रावण १ देखि ०७० असार ३१ गते सम्मको**

**प्रस्तुत आर्थिक विवरण सम्बन्ध राख्ने अनुसूचिहरु क्रमशः**

## चुक्ता शेयर पूँजी

अनूसुचि ०१

| शेयर कित्ता | प्रति कित्ता दर रु | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| १२०,६७९।०० | १००।०० | १२,०६७,९००।०० | १०,७२९,५००।०० |
| | जम्मा | १२,०६७,९००।०० | १०,७२९,५००।०० |

## जगेडा तथा अन्य कोष

अनूसुचि ०२

| विविध कोषहरु | यस बर्षको रकम रु | गत बर्ष सम्मको रकम रु | यस बर्ष खर्च भएको रकम रु | यस बर्षसम्म बाँकी रकम रु |
|---|---|---|---|---|
| साधारण जगेडा कोष | ७०४,३४७।९६ | १,८९२,९४९।१४ | - | २,५९७,२९७।१० |
| शेयर लाभांस कोष | १,६३८,०००।०० | १,१५७,२६०।६७ | १,१२१,७६६।५७ | १,६७३,४९४।१० |
| संरक्षित पूंजी फिर्ता कोष | ४८,०००।०० | - | - | ४८,०००।०० |
| कर्मचारी बोनस कोष | २११,३०४।३९ | २२०,९७४।३७ | १७७,०७८।१८ | २५५२००।५८ |
| सहकारी बिकाश कोष | ३९,७३९।०० | - | - | ३९,७३९।०० |
| सहकारी शिक्षा तथा तालिम कोष | १५,०००।०० | - | - | १५,०००।०० |
| सहकारी संस्था स्थिरीकरण कोष | ३०,०००।४८ | - | - | ३०,०००।४८ |
| घाटा पुर्ती कोष | ५४,०००।०० | - | - | ५४,०००।०० |
| डुबन्त ऋण कोष | ७७,०००।०० | - | - | ७७,०००।०० |
| सदस्य हित कोष | - | ३३१,३६४।८७ | | ३३१,३६४।८७ |
| **जम्मा** | २,८१७,३९१।८३ | ३,६०२,५४९।०५ | १,२९८,८४४।७५ | ५,१२१,०९६।१३ |

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**थानकोट, काठमाण्डौ**

**२०६९ श्रावण १ देखि ०७० असार ३१ गते सम्मको**

## निक्षेप

अनूसुचि ०३

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| नियमित अवधि बचत | ६,७३४,४१७।९७ | ५,२६५,९२८।२४ |
| साधारण बचत | १३,९५२,५७९।४० | ११,३५४,१३४।६५ |
| मुद्धती बचत | ३६,३८५,०३६।०० | २६,१८७,६४०।३३ |
| बाल शैक्षिक बचत | १०,०६१,९७३।६४ | ७,२८३,३६८।८६ |
| सुनौलो बचत | ३,१८६,७६१।०१ | |
| देवदर्शन बिशेष बचत | २८,१२४,०३७।५५ | २५,५४१,४८६।२४ |
| नारी उत्थान बचत | ५०३,७५३।६३ | ५७०,०६८।३५ |
| देवदर्शन पेन्सन बचत | ३,३१५,०१०।०० | ३,५१५,०१०।०० |
| नियमित बचत | २,४९७,१४८।०० | १३,६००,४५३।५८ |
| पेन्सन बचत | १४,६७५,९६८।०० | ७,८५५,०००।०० |
| संचयकोष बचत | १७,३०२।४८ | २४६,५६२।९६ |
| बोनस अवधि बचत | २,९४६,४४७।७२ | ४,४४०,१७३।९४ |
| कल डिपोजिट | १०,५४४,२९८।१६ | ७,०९३,६४६।८८ |
| चालु (कर्जा संकलन) | ११,१०१,०९३।९० | ३१६,५४६।९६ |
| **जम्मा** | **१४४,०४५,८२७।४६** | **११३,२७०,०२०।९९** |

## अन्य दायित्व

अनूसुचि ०४

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| भुक्तानी दिनुपर्ने व्याज | ३,०४५,८३६।३८ | १,९९०,९५१।३१ |
| कर (भुक्तानी बाँकी ) | ३१३,८४७।४७ | १६६,६९१।६७ |
| लेखापरिक्षण शुल्क | - | २५,०००।०० |
| कर्मचारी | - | १६८,१४५।०० |
| उपदान कोष | २५३,८८०।४१ | १६५,१८०।४१ |
| कर्जा नोक्सानी व्यबस्था | १,३४४,२०२।७२ | १,०६३,४९९।०० |
| व्याज मुल्तवी | ५७३,१७७।१३ | ५६५,६९८।५६ |
| धरौटी | ५,२००।०० | ८,०००।०० |
| भवन निर्माण धरौटी | ३४०,०००।०० | - |
| विविध साहू | - | २४२,९७०।०० |
| **जम्मा** | **५,८७६,१४४।११** | **४,३९६,१३५।९५** |

## नगद तथा बैंक मौज्दात

अनूसुचि ०५

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| नेपाल केडिट एण्ड कमर्स बैंक लि. | १५,५९०,१९८।६९ | १४,९८६,३६८।६६ |
| राष्ट्रिय सहकारी बैक लि. | १०,२४५,७३४।४४ | ९,०८९,३०७।४० |
| एभरेष्ट बैंक लि. | ५,४६१,९३६।०६ | ३,६५५,०९९।८१ |
| नेफस्कुन (NEFSCUN) | ६,०००।०० | |
| नगद मौज्दात | २,०१०,२०४।०० | ३,१६५,६७०।०० |
| **जम्मा** | **३३,३१४,०७३।१९** | **३०,८९६,४४५।८७** |

## कर्जा तथा सापटी

अनूसुचि ०६

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| घरायसी कर्जा | १०,६६३,०९३।२७ | ९,९१६,७२८।११ |
| लघु कर्जा (सा.ज.) | ३९,४४०,५२६।५६ | ३७,८९८,९०२।९० |
| हायर पर्चेज कर्जा | १२,६४७,४३०।३७ | ३,८४२,०७७।०१ |
| मुद्दती रसिद धितो कर्जा | २,४९५,४३५।८८ | १,६३९,८७८।१४ |
| सहुलियत कर्जा | १,६९९,९९६।९३ | १,८९९,९९६।९३ |
| छोटो अवधी कर्जा | २,९३५,४६६।५३ | २,०८२,३०५।१५ |
| कार्यशील पूँजी कर्जा | १,०००,०००।०० | - |
| व्यावसायिक कर्जा (धितो) | ५२,४८४,७६२।६० | ३३,९५३,६६६।९९ |
| **जम्मा** | **१२३,३६६,७१२।१४** | **९१,२३३,५५५।२३** |

## अन्य सम्पत्ति

अनूसुचि ०८

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| अन्य पेश्की | १,३२८,५७५।०० | २९,३८५।०० |
| प्रशासनिक पेश्की | २५,०००।०० | - |
| कर्मचारी पेश्की | ११५,५००।०० | ६,२९१।१३ |
| पाउनुपर्ने ब्याज | ५७३,१७७।१३ | ५६५,६९८।५६ |
| विविध आसामी | - | १९५,०१७।२५ |
| मसलन्द मौज्दात | ३०३,१३८।१९ | २३९,१४६।७० |
| सानो नगदी कोष | १,२५८।०० | - |
| अग्रिम कर | २६१,०१४।६५ | ४७,५३८।०० |
| धरौटी | ९,९००।०० | ९,९००।०० |
| अन्य सम्पत्ति | ५६,८९०।८२ | - |
| **जम्मा** | **२,६७४,४५३।७९** | **१,०९२,९७६।६४** |

## ब्यावसायिक लगानी

अनूसुचि ०९

| विवरण | यस वर्षको रू. | गत वर्षको रू. |
|---|---|---|
| राष्ट्रिय सहकारी बैंक लि.(शेयर लगानी) | १०,०००।०० | १०,०००।०० |
| नेफस्कुन | ११,०००।०० | |
| जिल्ला सहकारी सघं लि. | ५,०००।०० | |
| व्यवसायिक लगानी (उपकार चाउ चाउ) | १,०००,०००।०० | १,०००,०००।०० |
| शेयर लगानी (स्वर्ण लक्ष्मी बचत तथा ऋण स.सं.लि.) | - | ५००,०००।०० |
| **जम्मा** | **१,०२६,०००।००** | **१,५१०,०००।००** |

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**थानकोट, काठमाण्डौ**

**२०६९ श्रावण १ देखि ०७० असार ३१ गते सम्मको**

## ब्याज आम्दानी

अनूसुचि १०

| विवरण | यस वर्षको रू. | गत वर्षको रू. |
|---|---|---|
| मुद्दती रसिद धितो कर्जा | ५५३,९७४।७२ | २०२,५१२।२० |
| हायर पर्चेज कर्जा | १,०३०,७५१।१५ | १५४,४४४।३९ |
| व्यावसायिक धितो कर्जा | ८,०२३,००४।७३ | ६,९०६,०६०।४९ |
| सामुहिक जमानी कर्जा | ४१४,२७६।७२ | २,५८०,४४६।४७ |
| गरिवी निवारण कर्जा | | - |
| घरायसी कर्जा | १,९९२,५८०।७० | २,३०७,७६७।५९ |
| कार्यशील पूंजी कर्जा | | - |
| छोटो अवधी कर्जा | ३४९,८५६।१६ | ३७१,६२८।९६ |
| सहुलियत कर्जा | २४७,८०३।७२ | ४०८,१७१।५१ |
| लघु कर्जा (सा.ज.) | ५,९०४,१३४।८२ | २,८१९,४६३।३२ |
| अन्य कर्जा | - | १,२७३।९८ |
| **जम्मा** | **१८,५१६,३८२।७२** | **१५,७५१,७६८।९१** |

## विविध आम्दानी

अनूसुचि ११

| विवरण | यस वर्षको रू. | गत वर्षको रू. |
|---|---|---|
| प्रकृयागत शुल्क | १,६३९,१४१।०० | १,६३२,८२५।०० |
| कर्जा फाराम शुल्क | ३१,४००।०० | २३,६००।०० |
| सदस्य शुल्क | १८,४००।०० | २५,९००।०० |
| खाता बन्द शुल्क | २५,५१०।५२ | २८,४१७।३४ |
| फिल्ड निरिक्षण शुल्क | ५५,५००।०० | ३०,२००।०० |
| बोलपत्र फाराम शुल्क | १२,०००।०० | |
| कर्जा नविकरण शुल्क | ५८०,७९९।०० | १,००३,९७९।०० |
| व्यवसाय मुल्यांकन शुल्क | २५५,६००।०० | |
| धितो मुल्यांकन | १८५,६००।०० | २३६,८२५।०० |
| हर्जना | ८९,८०३।६७ | ६६,१३३।०० |
| बैंक व्याज | १,३४६,५१३।०२ | ८१७,६८६।५६ |
| अन्य | ५२,१३६।५८ | ६६,८४०।८१ |
| अग्रिम भुक्तानी | १५,९००।०० | १२,५००।६७ |
| शेयर लाभांश आम्दानी | ९१०।९५ | ७४,५६५।०० |
| व्यबस्थापकिय शुल्क | ४२४,७७५।०० | |
| विमा आम्दानी | | ३,६००।०० |
| **जम्मा** | **४,७३३,९८९।७४** | **४,०२३,०७२।३८** |

**ब्याज खर्च**

अनूसुचि १२

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| मूद्दती बचत व्याज खर्च | ४,१५०,२०५।७७ | ३,४६५,३९३।२३ |
| नियमित अवधि बचत व्याज खर्च | ४५८,६४५।८७ | ९६२,४८४।५६ |
| साधारण बचत व्याज खर्च | ९३९,१३०।८३ | ५८९,८४९।६४ |
| देवदर्शन बिशेष बचत | १,७७४,४९१।८८ | १,६७१,०९२।८१ |
| कल डिपोजिट | ९३०,०१४।१४ | ५८१,३०१।७९ |
| बाल शैक्षिक बचत | ९०३,८६४।२८ | ६६९,६९४।७५ |
| देवदर्शन पेन्सन बचत | ५०२,०२७।४६ | ५०२,६५७।२१ |
| नारी उत्थान बचत | ४६,९७०।१४ | ५८,४८०।५० |
| संचयकोष बचत | १०,८००।५६ | २९,८२३।६८ |
| पेन्सन बचत | १,६८१,७२४।३३ | ७००,५७२।४६ |
| सुनौलो बचत | २७८,६२६।३३ | |
| क्रमिक बचत व्याज खर्च | १८७,९४८।७५ | - |
| बोनस अवधि बचत | ४६२,४८७।०३ | - |
| **जम्मा** | **१२,३२६,९३७।३७** | **९,२३१,३५०।६३** |

**कार्यालय संचालन खर्च** अनूसुचि १३

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| कार्यालय खर्च | - | १०,०००।०० |
| संस्था विकास तथा प्रर्वद्धन खर्च | १३४,७२०।०० | ६४,१००।०० |
| घरभाडा खर्च | २१६,०००।०० | १५८,४००।०० |
| विद्युत तथा पानी महसुल खर्च | ३७,०६४।०० | ३०,४०३।०० |
| पार्किङ भाडा खर्च | ६६,०००।०० | ६०,०००।०० |
| मर्मत तथा सम्भार खर्च | ८९,४१९।९९ | ११०,८३४।६९ |
| बिमा खर्च | १३,५९५।०० | ७९,८५१।०० |
| टेलिफोन, इमेल, हुलाक महसुल खर्च | ७७,४३८।०० | ५६,४४१।०० |
| मसलन्द तथा छपाई खर्च | १६४,८५०।७७ | २०९,२२८।७३ |
| मनोरन्जन खर्च | | - |
| ईन्धन सवारी खर्च | ५४०,८५६।०० | ४३०,४३३।०० |
| अतिथि सत्कार खर्च | ६,३७८।०० | ४,६१३।०० |
| कार्यालय चियापान तथा खाजा खर्च | ४०,९०३।०० | ३१,३९४।०० |
| सरसफाई खर्च | ४,१७३।०० | १५,०३०।०० |
| शुल्क,दस्तुर नविकरण खर्च | ६५,९३६।०० | ६२,१४०।०० |
| आर्थिक सहयोग खर्च | | १,५००।०० |
| कर्मचारी उपदान खर्च | ८८,७००।०० | ६५,३९९।१६ |
| औषधी खर्च | | - |
| टुटफुट् खर्च | ६५,८७२।३२ | २४,५२४।६२ |
| लेखापरिक्षण शुल्क | २७,०००।०० | २५,०००।०० |
| तालिम खर्च | २८,५२९।०० | २०,३००।०० |
| कार्यालय पोशाक खर्च | १०७,९६१।०० | १६१,३०५।०० |
| पत्रपत्रिका खर्च | ८,५१५।०० | ६,९२८।०० |
| यातायात खर्च | १,९१५।०० | १५,४००।०० |
| संचालक समिति बैठक भत्ता खर्च | २६३,५००।०० | २३८,०००।०० |
| साधारण सभा खर्च | ३४४,८७०।७५ | २११,४५१।०० |
| अन्य भत्ता | २५,०००।०० | १००,०००।०० |
| सुरक्षा खर्च | २२४,०८०।०० | १६८,०००।०० |
| क्यालेन्डर छपाई तथा वितरण खर्च | २४१,०१७।७० | २२९,००२।०० |
| बिबिध उत्सव तथा समारोह | १७९,७०२।०० | ८४,०७१।०० |
| अन्य खर्च | १८,७१६।०० | ४१,३८३।०० |
| **जम्मा** | **३,०८२,७१२।५३** | **२,७१५,१३२।२०** |

## कर्मचारी खर्च

अनूसुचि १५

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| तलब | ३,३९५,९५५।९९ | ३,०२०,०४५।१३ |
| दशैं खर्च | १७८,४००।०० | १७५,०८५।०० |
| कर्मचारी विदा | ७९,४९९।१६ | ६७,५३७।३७ |
| कर्मचारी औषधी उपचार | २०६,४४२।०० | १७१,७४५।०० |
| कर्मचारी उपदान | | - |
| संचयकोष कोष | १९२,८८०।०० | १६०,२४२।०० |
| कर्मचारी प्रोत्साहन खर्च | ९०,११२।०० | १५,९६०।०० |
| युनिफर्म | | - |
| जम्मा | ४,१४३,२८९।१५ | ३,६१०,६१४।५० |

## सम्भावित कर्जा जोखिम नोक्सानी ब्यवस्था

अनूसुचि १६

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| असल कर्जा | १,२३१,२७१।०० | ९१०,०५२।०० |
| शंकास्पद कर्जा | - | ४०,३१६।०० |
| खराब कर्जा | ११२,९३१।०० | ११३,१३१।०० |
| **जम्मा** | **१,३४४,२०२।००** | **१,०६३,४९९।००** |

## सम्भावित कर्जा जोखिम नोक्सानी ब्यवस्था फिर्ता

अनूसुचि १८

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| असल कर्जा | ९१०,०५२।०० | - |
| शंकास्पद कर्जा | ४०,३१५।२८ | |
| खराब कर्जा | ११३,१३१।०० | |
| **जम्मा** | **१,०६३,४९८।२८** | **-** |

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

थानकोट, काठमाण्डौ

## स्थिर सम्पतिको विवरण

**२०७० साल असाढ मसान्त सम्मको**

अनूसुचि ०७

| गत वर्ष रु | विवरण | सम्पत्ति | | | | | | | | यस वर्ष रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जग्गा | काठ तथा धातु | कम्प्यूटर | कार्यालय पार्टिशन | कार्यालय सामान | गाडी | सफ्टवेयर | अन्य | |
| | १. परलमोल | | | | | | | | | |
| ७,२६५,२२८।२५ | क) गत बर्षको मौज्दात | ४,७२८,२८४ | ४७६,३१२।४७ | २८४,०५६।५९ | ९६१,७१४।२६ | ३१८,५९९।८३ | २९६,९२०।०० | ११९,९०६।२५ | ७९,४३४।८५ | ७,२६५,२२८।२५ |
| - | ख) यस बर्ष थप | १३२,१९५ | १०३,७२६।६० | ३५,५००।०० | - | - | - | - | - | २७१,४२१।६० |
| - | ग) यस बर्ष पुनमूल्यांकन/पनर्लेखन | - | - | - | - | - | - | - | - | - |
| | घ) यस बर्षको बिक्री | - | - | - | - | - | - | - | - | |
| - | ङ) यस बर्षको अपलेखन | - | - | - | - | २,७४२।१९ | १२५,४०६।६७ | - | ७९,४३४।८५ | २०७,५८३।७१ |
| ७,२६५,२२८।२५ | कुल (क+ख+ग+घ+ङ) परलमोल | ४,८६०,४७९ | ५८०,०३९।०७ | ३१९,५५६।५९ | ९६१,७१४।२६ | ३१५,८५७।६४ | १७१,५१३।३३ | ११९,९०६।२५ | - | ७,७४४,२३३।५६ |
| | २) ह्रासकट्टी | | | | | | | | | |
| - | क) गत बर्ष सम्मको | - | - | - | - | - | - | - | - | - |
| - | ख) यस बर्षको | - | १३९,९४३।१७ | ७५,७२२।४८ | २४०,४२८।५७ | ७८,९६४।४१ | ३४,३०२।६७ | २९,९७६।५६ | - | ५९९,३३७।८६ |
| - | ग) ह्रासकट्टी पुनमूल्याकंन/पुनर्लेखन | - | - | - | - | - | - | - | - | - |
| - | घ) ह्रासकट्टी रकम समायोजन/फिर्ता | - | - | - | - | - | - | - | - | - |
| - | कुल ह्रासकट्टी | - | १३९,९४३।१७ | ७५,७२२।४८ | २४०,४२८।५७ | ७८,९६४।४१ | ३४,३०२।६७ | २९,९७६।५६ | - | ५९९,३३७।८६ |
| ७,२६५,२२८।२५ | ३) बुक भ्यालु (WDV*) (१-२) | ४,८६०,४७९ | ४४०,०९५।९० | २४३,८३४।११ | ७२१,२८५।६९ | २३६,८९३।२३ | १३७,२१०।६६ | ८९,९२९।६९ | - | ६,७२९,७२८।२८ |
| - | ४) जग्गा | - | - | - | - | - | - | - | - | - |
| - | ५) पूंजीगत निर्माण (पूंजीकरण गरिनु पर्ने) | - | - | - | - | - | - | - | - | - |
| - | ६) लीज होल्ड सम्पत्ति | - | - | - | - | - | - | - | - | - |
| ७,२६५,२२८।२५ | जम्मा (३+४+५+६) | ४,८६०,४७९ | ४४०,०९५।९० | २४३,८३४।११ | ७२१,२८५।६९ | २३६,८९३।२३ | १३७,२१०।६६ | ८९,९२९।६९ | - | ६,७२९,७२८।२८ |

* Written Value

# देबदर्शन बचत तथा ऋण सहकारी संस्था लि. को

## प्रमुख लेखा नीति तथा तत्सम्बन्धी टिप्पणीहरु

अनुसूची: १९

## प्रमुख लेखा नीतिहरू:-

### १. सामान्य जानकारी

देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. सहकारी ऐन २०४८ अन्तर्गत सहकारी कार्यालय काठमाण्डौ जिल्लामा दर्ता भएको सहकारी संस्था हो । यसको कार्यालय थानकोट काठमाण्डौमा रहेको छ ।

संस्थाको बिनियम तथा सहकारी बिभागबाट जारी भएको निर्देशन बमोजिम शेयर सदस्यबाट बचत संकलन गरी बचत रकमलाइ सुरक्षित तथा ब्यबस्थित रुपमा कर्जा लगानी गरी सदस्यहरुमा आर्थिक उन्नती गराउनु यसको उद्धेश्य रहेको छ ।

### २. वित्तीय विवरण

वित्तीय विवरणहरु अन्यथा उल्लेख गरिएकामा बाहेक ऐतिहासिक लागत अवधारण, सामान्य रुपमा स्वीकार्य प्रचलन रहेका लेखा पद्धति, सहकारी ऐन तथा नीति निर्देशन तथा नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्थावाट जारी लेखामान सिद्धान्त बमोजीम तयार पारिएका छन् ।

### ३. स्थिर सम्पती तथा कट्टी

क) स्थिर सम्पतीहरुको लेखांकन ऐतिहासिक लागत मुल्य ( Historical cost concept) र सोको खरीद तथा जडान लागत समेत समावेस गरी पूंजीकरण गर्ने गरिएको छ ।

ख) स्थिर सम्पतीहरुको ह्रास कट्टी आयकर ऐन २०५८ को अनुसूची २ ले निर्दिष्ट गरेको दर तथा तरिकाले घट्दो दरमा हिसाब गरी नाफा नोक्सान हिसाबमा खर्च लेखिएको छ ।

## ४. लगानी

संस्थाले राष्ट्रिय सहकारी बैंकको प्रारम्भिक शेयरमा गरिएको लगानीलाई परल मोलको आधारमा लेखांकन गरिएको छ ।

## ५. व्याज खर्च तथा व्याज आम्दानीको लेखांकन

क) कर्जामा पाकेको व्याज तथा आम्दानीलाई प्रोदभावी आधारमा ( accrual basis)गणन गरी प्राप्त हुन बाकी ब्याजलाई व्याज मुल्तबि (Interest Suspense) हिसाबमा लेखांकन गरिएको छ र सहकारी विभागको निर्देशिका अनुसार नगद प्राप्ति (Cash Basis) आधारमा व्याज आम्दानी जनाउने गरिएको छ ।

ख) निक्षेप दायित्वमा दिईने व्याज खर्च सदस्यसंग गरिएको सम्झौता अनुसार प्रोदभावी आधारमा (Accrual Basis) खर्च लेख्ने गरिएको छ ।

ग) संस्थाले अन्य बैंक बित्तीय संस्था तथा अन्य सहकारी संस्थाहरुमा लगानी गरी प्राप्त ब्याजको स्रोतमा कर कट्टी भएको कर रकमलाई अग्रिम कर दाखिला मानी सम्पुर्ण ब्याज रकमलाई आम्दानी जनाईएको छ ।

## ६. आयकर ब्यवस्था

आयकर ऐन २०५८ ले ब्यबस्था गरे बमोजिम स्वयंकर निर्धारण गरी कायम भएको आयमा आयकर हिसाब गरी आयकरको ब्यवस्था गरिनु पर्ने प्राबधान भएतापनि आयकर ऐनको दफा ११ उपदफा २ बमोजिम ग्रामीण समुदायमा संचालित बचत तथा ऋणको आयमा कर नलाग्ने प्राबधान भएकोले संस्थाको आयमा आयकरको ब्यबस्था गरिएको छैन ।

## ७. कर्मचारी अवकास सम्बन्धी व्यबस्था

कर्मचारी उपदान तथा संचित बिदा बापतको दायित्व रकमलाई भुक्तानीको आधारमा खर्च लेख्ने गरिएको छ ।

## ८. कोषको व्यबस्था

प्रस्तुत आर्थिक बर्षमा संस्था नाफामा रहेकोले २५ प्रतिशत साधारण जगेडा कोषमा र बाकी रकमलाई बिनियम तथा संचालक समितीको निर्णय बमोजिम अन्य कोषहरुमा बांडफाड गरिएको छन् ।

## ९. मौज्दात

संस्थाले खरिद गरेको सबै किसिमको स्टेशनरी, छपाई तथा अन्य बिबिध सामग्रीहरु आवश्यक बमोजिम खरिद गरी  खपतको आधारमा खर्च जनाई बाकी रहेको मौज्दातलाई अन्य सम्पत्तिमा मौज्दात रहेको देखाईएको छन ।

## १०. अन्य नितीहरु

क) सहकारी लेखा प्रणाली अनुसार संस्थाले राख्नुपर्ने चार खाताहरु कम्प्युटर प्रणालीमा राखेको छ ।

ख) संस्थाले सदस्यहरुबाट बचत तथा निक्षेप संकलन गर्दा ९. देखि १५ प्रतिशत सम्म ब्याज प्रदान गरेको छ ।

ग) सस्थाले सदस्यहरुलाई कर्जा तथा सापटी प्रदान गर्दा १६ देखि १९ प्रतिशत सम्म ब्याज लिने गरेको छ । सस्थाले कर्जा तथा ऋण प्रबाह गर्दा सदस्यहरुबाट प्रकृयागत शुल्क वापत १ प्रंतिशत सम्म लिने गरेको छ ।

ङ) संस्थामा कार्यरत सम्पुर्ण कर्मचारीहरुको करयोग्य आयमा  आयकर ऐन अनुसार कर कट्टी गरेको छ ।

## ११. कर्जा लगानी निती तथा कर्जा नोकसानी ब्यबस्थाः

क) संस्थाले ऋण तथा असुली सम्बन्धी निती २०६६ अनुसार कर्जा लगानी गर्ने गरेको र केही कर्जाहरु बिना धितो पनि लगानी गर्ने गरेको छ ।

ख) सहकारी बिभागद्धारा निर्दिष्ट गरे बमोजिम ब्यबस्था गर्नु पर्ने सम्भाबित कर्जा नोकसानीको रकम रु. १३,४४,२०२.०० ब्यबस्था गरिएको छ । जसले गर्दा यस बर्ष सो रकम बराबर  नाफा कमी देखिएको छ ।

# लेखा सम्बन्धि टिप्पणीहरू

अनुसूची: २०

## १. शेयर पुँजी परिचालन

प्रास्तुत बर्षमा रु १,२०,६७,९००.०० शेयर पुँजी विभिन्न शेयर सदस्यहरुबाट संकलन गरिएको छन्, गत बर्षको तुलानमा यस वर्ष रु.१३,३८,४००.०० ले शेयर पूंजी बृद्धि भएको छ ।

## २. निक्षेप दायित्व:

क) निक्षेप संकलनको सिमा

प्रस्तुत आर्थिक बर्षमा जम्मा रु १४,४०,४५,८२७.४६ निक्षेप संकलनभएको छ । यसरी संकलित निक्षेप, शेयर पुँजीको १० गुणा भन्दा बढी हुन गएको छ ।

ख) बचत तथा ऋण सहकारी संस्थाले आफ्ना सदस्यहरु सँग मात्र निस्चित कार्य क्षेत्र भित्र कारोबार गर्नु पर्नेमा केहि क्षेत्र बाहिरका सदस्यहरुसँग तथा तोकिएको क्षेत्र भन्दा बाहिर समेत निक्षेप संकलन तथा ऋण प्रवाह गरेको छ ।

## ३. कर्जा तथा सापटी

केही कर्जाहरुमा सदस्यको आबश्यकतालाई हेरी पुँजीकोषको १० प्रतिशत भन्दा बढी पनि एउटै सदस्यलाई ऋण प्रवाह गरिएको छन ।

## ४. सापटी

यस बर्ष कुनै सापटी रहेको छैन ।

## ४. लगानी विवरण:

संस्थाले राष्ट्रिय सहकारी बैंक तथा जिल्ला सहकारी संघको शेयरमा लगानी गरेको छ । सोको परल मुल्यमा लेखांकन गरेको छ ।

## ५. औषत ब्याज दरको अन्तरः

यस आर्थिक बर्ष कर्जा लगानीमा ब्याज आम्दानीको औषत वार्षिक दर १७.५ प्रतिशतले प्रतिफल प्राप्त भएको र निक्षेपमा प्रदान गरिने ब्याज दरको औषत लागत दर वार्षिक दर १२ प्रतिफल रहन गई औषत ब्याज दर अन्तर (Average Spread Rate) ५.५ प्रतिशत रहन गएको छ ।

## ६. सहकारी मापदण्ड २०६८ ले तोकिएको भन्दा तरलता बढी रहेको पाईयो ।

## ७. साधारण जगेडा कोषः

सहकारी ऐन २०४८ को प्राबधान बमोजिम खुद नाफाको २५ प्रतिशतले हुन आउने रकम रु ७,०४,३४७.९६ साधारण जगेडा कोषमा र बाकी रकम संस्थाको बिनियम बमोजिम बांडफांड गरी अन्य बिभिन्न कोषहरुमा जम्मा गरिएको छ ।

## ८. सम्भाबित कर्जा नोक्सानी ब्यबस्था

सम्भाबित कर्जा नोक्सानीका लागी सहकारी विभागद्धारा निर्दिष्ट गरे बमोजिम सम्भाबित नोकसानीको ब्यबस्थापन रु.१३,४४,२०२.०० गर्नुपर्नेमा आय विवरण हिसाबमा सो बमोजिम ब्यबस्था गरेको पाईयो ।

## ९. अन्य आम्दानी

संस्थाले ऋण लगानी गर्दा प्रस्तुत बर्ष प्रकृयागत शुल्क बापत रु.१६,२९,१४१.०० असुल गरेको छ ।

## १०. पुनबर्गीकरण तथा समुहिकीकरण विवरण प्रस्तुती र

गतबर्षका अंकहरुलाई प्रस्तुत बर्षको अंक संग तुलना हुने गरी आवश्यकता अनुसार पुनर्गठन वा पुन वर्गीकरण गरि प्रस्तुत गरिएको छ ।

## ११. कोष स्थानान्तरण.

प्रस्तुत यस आ. ब. मा संचालक समितीको निर्णय बमोजिम सहकारी बिकाश कोष, सहकारी शिक्षा तथा तालिम कोष र संस्था स्थिरिकरण कोषहरुलाई संस्थाको सदस्य हित कोषमा रु.३,३१,३६४.८७ तथा संरक्षित पुँजी फिर्ता कोष, घाटा पुर्ती कोष र डुबन्त ऋण कोषहरुलाई संस्थाको जगेडा कोषमा रु.७,३०,०००.०० स्थानान्तरण गरेको संस्थाको अभिलेखबाट देखिएको छ ।

**टिपोट** (Note)

**टिपोट** (Note)

## मुद्दति निक्षेप (Fixed Deposit)

| अवधि | त्रैमासिक ब्याज भुक्तानी | वार्षिक ब्याज भुक्तानी | एकमुष्ठ ब्याज भुक्तानी |
|---|---|---|---|
| ६ महिना | १०.००% | - | १०.५०% |
| १ वर्ष | १२.००% | १२.५०% | १२.५०% |
| २ वर्ष | १२.५०% | १३.००% | १४.००% |
| ३ वर्ष | १३.५०% | १४.००% | १५.००% |

## निक्षेप (Deposit)

| निक्षेप | वार्षिक ब्याजदर |
|---|---|
| देवदर्शन पेन्सन बचत | ३ वर्ष (प्रति १ लाखको मासिक रु ११००/-) |
| बाल शैक्षिक बचत | २ वर्ष ११.००% |
| | ५ वर्ष १२.५०% |
| | १० वर्ष १५.००% |
| नारी उत्थान बचत | १०.५% (आवधिक) |
| किसान बचत | १०.००% (मासिक न्यूनतम बचतमा) |
| साधारण बचत | १०.००% (मासिक न्यूनतम बचतमा) |
| देवदर्शन विशेष बचत | ७.५०% (दैनिक मौज्दातमा)* |
| देवदर्शन कल बचत | १०.००% (दैनिक मौज्दातमा)* |
| गोल्डन बचत | ११.००% (दैनिक मौज्दातमा)* |

*शर्त लागु हुनेछ ।

## कर्जा तथा सापट योजना (Loans and Advances Scheme)

| कर्जा शिर्षक | वार्षिक ब्याजदर घट्दोदर |
|---|---|
| देवदर्शन पुलेसो कर्जा (Dev Darshan Bridge Loan) | १९.००% |
| आवधिक कर्जा (Term Loan) | १९.००% |
| छोटो अवधि कर्जा (Short Term Loan) | १९.००% |
| व्यापारीक कर्जा (Trading Loan) | १९.००% |
| घर कर्जा (Home Loan) | १९.००% |
| हायर पर्चेज कर्जा (Hire-purchase Loan) | १८.००% |
| महिला उद्यमी कर्जा (Mahila Uddhami Karja) | १६.००% |
| शेयरसदस्य सहुलियत कर्जा (Share Sahuliyat Karja) | १७.००-१८.००% |
| सामूहिक जमानी कर्जा (Group Gurantee Loan) | २४.००% |
| कृषि कर्जा (Agriculture Loan) | १८.००% |
| गरिबी निवारण कर्जा (Garibi Niwaran Karja) | १६.००% |
| लघु कर्जा (Laghu Karja) | १६.००%*समदर |
| अन्य कर्जा (Miscellaneous Loan) | १९.००% |
| मुद्दति रसिद धितो कर्जा (FDR) | (थप) ३.००% |

## अवधि बचत (Periodic Savings)

| अवधि | वार्षिक ब्याजदर | अवधि | वार्षिक ब्याजदर |
|---|---|---|---|
| ३ महिना | ९.००% | २ वर्ष | ११.००% |
| ६ महिना | ९.५०% | ३ वर्ष | ११.५०% |
| ९ महिना | १०.००% | ४ वर्ष | १२.००% |
| १ वर्ष | १०.५०% | ५ वर्ष | १२.५०% |

### तुरुन्त रकम प्राप्त गर्न सकिने भरपर्दो माध्यम

WESTERN UNION | MONEY TRANSFER

*The world's No. 1 money transfer service.®*

CG-FINCO Remittance

को सेवा समेत उपलब्ध छ ।

MoneyGram. Money Transfer


## दैनिक मौज्दातमा

# १0% ब्याज

- जति धेरै बचत रकम उति धेरै ब्याज
- तिन तिन महिनामा ब्याज भुक्तानी
- मुद्दती बचतमा १५.००% ब्याज
- चाहे अनुसारको रकम राख्न र झिक्न सकिने
- सन्ध्याकालीन काउन्टरको व्यवस्था

**ज्येष्ठ सदस्य महानुभावहरुको लागि मासिक ब्याज भुक्तानी हुने गरी पेन्सन बचत योजना**

### देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय (हाल संस्था रहेको स्थान)



## संस्थाको निर्माणाधीन भवन .........







देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**DEV DARSHAN SAVING & CREDIT CO-OPERATIVE LTD.**

चेकपोष्ट, थानकोट, काठमाडौं, फोनः ४३१६११७, ४३१६११८, फ्याक्सः ४३१६१२५